# वार्षिक प्रतिवेदन वडा नं ९

# प्रतिवेदन

**"घटना/कार्यक्रमको नाम" सुखि लेपाली समृद्ध नेपाल**

**आर्थिक वर्ष २०७४/२०७५**



**प्रेषक**

**नाम लक्ष्मण प्रसाद भण्डारी**

**(अध्यक्ष)**

**हेटौंडा उपमहा नगरपालिका वडा नं.९**

**प्राप्त गर्ने :**

**नाम हरि वहादुर महत**

**(मेयर)**

**संस्था/कार्यालय हेटौंडा उपमहा नगापालिका मकवानपुर**

**दिन/महिना/वर्ष १५/०३/२०७५**

**जिल्लाको नाम मकवानपुर**

# वार्षिक प्रतिवेदन वडा नं ९

## I परिचय

## 1.1 पृष्ठभूमि

गणतन्त्र पछिको नेपाल जनताको संविधान अनुसार १ संघिय ७ प्रदेस तथा ७५५ स्थानिय तहमा परिणत भए पछि झण्डै २० वर्ष पछि प्रतिनिधि,प्रदेश तथा स्थानिय तहको निर्वाचन सम्पन्न भएको छ। जस मध्ये मकवानपुर जिल्लाको १० स्थानिय तहमा एउटा हेटौंडा उपमहा नगरपालिका पर्दछ। यस नगरमा १९ वटा वडाहरु रहेका छन्। तत्कालीन हेटौंडा नगरपालिका वडा नं ९ आज पनि यथावत नै कायम छ। यो वडा पुर्वमा महेन्द्र राजमार्ग/वडा नं ८, पश्चिममा वडा नं १२,१३ र १४ पदमपोखरी पर्दछन भने उत्तरमा कर्णावती खोला वडा नं.१०,दक्षिणमा वडा नं. १५ रातोमाटे पर्दछ। यस वडामा क्षेत्री वाहुनको वाहुल्यता रहे पनि सवै जातजातीका मानिस एक आपसमा मिलेर वसेका छन। यस वडामा २४ वटा टोल विकास संस्थाहरु सक्रियरुपमा संचालित भई विकास कार्यमा हातेमालो गर्दै आएका छन। संघ संस्थाहरुमा नेपाल रेडक्रस,जेसिस,लायन्स ल्कव अफ हेटौडा जिल्ला स्तरिय रहेका छन भने पशुपति युवा ल्कव वडामा सक्रिय रहेको छ। यि वाहेक अन्य संघ संस्थाहरु पनि प्रसस्त रहेका छन। औद्योगिक क्षेत्रको नजिकमा रहेर पनि यस वडामा हेटौंडा सिमेन्ट उद्योग वाहेक अरु राष्ट्रिय स्तरका उद्योगहरु भने रहेका छैनन् ता पनि ग्रिल उद्योग,वेकरी,सावन,दुनोट जस्ता घरेलु उद्योगहरु प्रसस्त रहेका छन्।

धार्मिक मठ मन्दिर तथा संघ संस्थाहरु पनि यस वडामा प्रसस्त रहेका छन जस्मा कुमाण्डव त्रीवेणी धाम जिल्लामा नै चर्चित धार्मिक स्थलको रुपमा रहेकोछ । त्येस्तै कालि माई वेतखाल्सी,शिव पंचायन वेत खोल्सी,कंगलामुखी धर्मपथ,पशुपति सिमेन्ट उद्योग,भुवनेश्वर मन्दिर,कालीमाई सिमेन्टरोड,सरस्वति मन्दिर प्रगती स्कुल,मानवसेवा आश्रम धाप,छेईलिङ्ग गुम्वा कर्ता कोरीडोर,पुनस्थापना केन्द्र सिमेन्रोड आदी रहेका छन। शिक्षाको हकमा यस वडा भित्र ३ वडा सामुदायिक तथा ३ वटा निजी विद्यालयहरु रहेका छन। सामुदायिक विद्यालय प्रगती उच्च माविले मकवानपुरमा नै हरेक साल अग्रस्थानमा रीजल्ट ल्याई उच्च दर्जा कार्य गर्न सफल रहेको सर्वविदितै छ।

२०औं वर्ष पछिको निर्वाचनमा यस वडामा तत्कालीन नेकपा एमालेले अत्यधिक मत ल्याई विजयी गरेको छ। यसै वडावाट सदस्य पदमा विजयी भई श्री रघुनाथ खुलाल जील्ला समन्वय समिति प्रमुखमा निर्वाचित हुनु भएको भने अर्का महिला सदस्य समन्वय समिति सदस्यमा निर्वाचित भएको हुदा वडाको विासमा ठुलो सहयोग पाईएको छ। निर्वाचन पछि अन्य वडाको तुलनामा यस वडाले आफ्नो घोषण पत्र अनुसार विकास गर्दै आएको छ। यस वडामा यस्सो हेर्दा पुर्वाधार विकास प्रसस्त भए पनि सामाजीक विकासमा कमी देखा परेको छ आउने वर्षहरुमा त्यो पनि कमी हुन दिईने छैन। यस वर्ष शुरुवाती वर्ष भएको हुदा विभिन्न खाले कमी कमजोरीहरु भए होलान आगामी ४ वर्ष भित्र त्यस्ता कमी कमजोरीहरुलाई मध्ये नजर गर्दै विकासका गतीलाई अघि वढाउने पुर्ण विश्वासका साथ यस वर्षको विकास प्रगती यहाहरु माझ राख्न चाहान्छु।

**<u>कार्यक्रमको नामः-समृद्ध नेपाल सुखि नेपाली ।</u>**

**<u>लक्षित क्षेत्रः– हेटौंडा उपमहा नगरपालिका वडा नं. ९ ।</u>**

**<u>अवधीः- आर्थिक वर्ष २०७४/२०७५।</u>**

## 1.2 उद्धेश्य

- हेउमहानगरपालिका वडा नं.९का जनतालाई समृद्ध वनाउने।
- वडामा भएका विकृति,विसंगती हटाउने सुसंस्कृति सहित सभ्य समाजको निर्माण गर्ने।
- शिक्षामा पहुँच र सरलीकृत गर्ने।
- वृद्ध वृद्धाहरुको सम्मान गर्ने।
- वडालाई हरित वडा वनाई स्वच्छ वातावरण निर्माण गर्ने।
- स्वस्थ्य समाजको निर्माण गर्ने।

- वडा सडक संजाल निर्माण गर्ने ।
- मठ मन्दिर तथा सामुदायिक संरचनाहरुको संरक्षण गर्ने ।
- टोल विकास,आमा समुह वाल क्लवका पदाधिकारीको नेतृत्व विकास गर्ने ।
- आय आर्जनका लागि सिप विकास तालीमहरु संचालन गर्ने ।
- कृषि जमिन तथा वस्ती संरक्षण गर्ने ।
- साना तथा घरेलु उद्योगहरु स्थापना गर्नलाई प्रोत्साहन गर्ने

## II सम्पन्न गरिएका क्रियाकलापहरु

### १.क्षमता विकास तर्फ

- सेती देवी टोल विकासका पदाधिकारीहरुलाई २ दिने नेतृत्व विकास तालीम ३० जना
- वडाका सवै टोल विकास संस्थाका पदाधिकारीहरुलाई २ दिने नेतृत्त्व विकास तालीम ४० जना
- अर्ध बार्षिक समिक्षा सम्पन्न
- १० दिने क्रिश्टल  गहना वनाउने तालीम संचालन

**वडा अध्यक्ष**

श्री लक्ष्मण प्रसाद भण्डारी

**सदस्यहरु**

श्री शुकराम के.सी.
श्री लक्ष्मी नेपाली
श्री सिता अधिकारी
श्री रघुनाथ खुलाल

### २.शिक्षा तर्फ

- त्रिवेणी आधारभुत विद्यालयमा शैचालय निर्माण
- प्रगती उच्च मा.वि को स्तरिकरण
- दिव्य ज्योति आधारभुत विद्यालय स्तरिकरण
- तिन जना बिद्यार्थीलाई उच्च शिक्षा अध्ययन गर्न सहयोग
- जनप्रनिधिबाट ९ जना असाहयक बालक बिद्यालय भर्ना गर्ने कार्य
- विद्यालय भर्नाका लागि घर दैलो अभियान ।
- शिक्षा सम्बन्धी आंचार संहीता निमाण ।

### ३.खानेपानी तथा उज्यालो वडा तर्फ

- ✓ खानेपानि व्यवस्थापनको लागि इनार निर्माणको लागि सहयोग पुर्याउने निर्णय गरियो
- ✓ खानेपानि र बिजुली बितरण प्रणालीको व्यवस्थापन
- ✓ ७९१ थान सिमेन्ट पोलमा नमरिङ्ग
- ✓ विद्युत सिमेन्ट पोल व्यवस्थापन
- ✓ त्रिबेणी खानेपानी लाई भौतिक सहायोग
- ✓

### ४.मर्मत तथा सम्भार तर्फ

- ओम टोल बिकास भवन मर्मत
- मानव सेवा आश्रमको भवन निर्माणमा सहायोग
- नेपाल तिर्थ प्रकास संघलाई पुर्वाधार सहयोग
- मदन पथ कालो पत्रे सडक मर्मत सम्भार
- त्रिवेणी धाम लाई फर्निचर सहयोग
- वडामा नेट जडान कार्य सम्पन्न
- विभिन्न स्थानमा लोडर,ग्रेडर लगाउने कार्य गरियो ।

**कर्मचारीहरु**

सचिव :-श्री नेत्र प्रसाद सापकोटा
खरिदार श्री लता कोईराला
सामाजीक परिचालक श्री सजना मल्ल
कम्पुटर श्री सुनिल महत
अहेब श्री दिपा लामिछाने
अनमी श्री अस्मिता श्रेष्ठ
कार्यालय सहायक श्री श्याम देवकोटा

# वार्षिक प्रतिवेदन वडा नं ९

- हेटौडा ९ र १४ नं. वडा जोड्ने लक्ष्मी चोक स्ल्याव मर्मत कार्य
- ९ नं. वडाका विभिन्न कच्ची सडकहरुमा वृहत्तर ग्रेवलिङ कार्य
- आदर्श पथ सिता अधिकारीको घर अगाडीको सडकमा क्षति ग्रस्त कल्वट निर्माण कार्य
- सुरक्षा निकाय (इलाका प्रहारि कार्यालय पशुपतिनगर) लाई सवारी साधन मर्मत सहयोग
- गायत्री परिवारको भवन मर्मत कार्यमा सहयोग ।

**५.कृषि जमिन तथा वस्ती संरक्षण तर्फ**

- कुखरेनी खोला तटबन्धन
- दैविक प्रकोप क्षति व्यवस्थापन
- प्रगतिशिल टोल बिकास संस्थाको ढलमा हेमपाइप राख्ने



(कुखरेनी तटवन्धन)

**६.स्वास्थ्य तर्फ**

- वृद्ध वृद्धाहरुका लागि स्वास्थ्य शिविर संचालन
- वडामा शहरि स्वास्थ्य केन्द्र संचालन
- स्वास्थ्य विमा कार्यक्रम संचालन
- मेर्निङ्ग हेल्थ ल्कव संचालन
- लागु औषध तथा मदिरा नियन्त्रण अभियान संचालन

**७.बिभिन्न समितिहरु गठन**

- शिक्षा समिति, गठन
- वडा शहरि स्वास्थ्य केन्द्र समिति, गठन
- क्लिनिक संचालन समिति, गठन
- गुनासो सम्बोधन समिति आदी) गठन ।
- खेलकुद विकास समिति गठन ।
- अनुगमन समिति गठन ।

**८.सल्याव ढलान तर्फ**

- २ नं. सिमेन्ट रोड वडाकार्यालय अगाडी स्ल्याब ढलान
- पहिलो चरणमा सडकहरुमा ग्रेबलिङ्ग
- मिलन बस्ति कर्रा सडक स्ल्याब ढलान
- १ नं. सिमेन्ट रोडको राधे रधेको अगाडी स्ल्याब ढलान
- स्वास्थ्य सामाजिक बिमा कार्यक्रम सञ्चालन
- ओम टोल बिकास संस्थाको सडक स्ल्याब ढलान
- राम मगरको घर बाट डम्बर गुरुङको घर सम्म निस्कने सडक स्ल्याब ढला
- प्रगति टोल बिकास संस्था अन्तर्गत उत्तर बाट दक्षिण सडक स्ल्याब
- दिब्य पथ अन्तर्गत नयाँ बसेति जाने सडक स्ल्याब
- धाप टोलको राम कुमार बस्नेतको घर देखी पश्चिम तर्फको सडक स्ल्याब
- तिलक अधिकारीको घर देखि पश्चिम तर्फ जाने बाकि सडक स्ल्याब
- गोपाल राईको घर जाने सडक स्ल्याब
- मानसिङ लामा को घर अगाडिको बाकि सडक स्ल्याब
- १ नं. सिमेन्ट रोड देखि शंकर पौडेलको घर जाने सडक स्ल्याब



प्रगती टोल स्ल्याव ढलान)

- सिता अधिकारीको घर देखि बाकि रहेको सडक स्ल्याब
- खाद्य संस्थान गेट अगाडीको बाकी सडक स्ल्याब
- मेघराज राज भण्डारीको घर देखि सुक देव माझीको घर सम्म सडक स्ल्याब(
- वाटर भिल्ला देखि १ नं. सिमेन्ट रोड सम्म सडक स्तरिकरण
- प्रगति उच्च मा.वि अगाडी सडक निर्माण
- दपक न्यौपानेको घर देखि बुद्ध बहादुर थिङको घर सम्म सडक स्तरिकरण
- दिब्यपथ टोल बिकास संस्थामा थप स्ल्याब निर्माण
- खाद्य संस्थान पछाडी मुकुन्द न्यौपानेको घर देखी हाईट रोड सम्म स्ल्याव ढलान ।
- पवित्रा पाठकको घर देखि खोल्चा सम्म स्ल्याव ढलान
- धुर्व अधिकारीको घर देखि हाईट रोड सम्म स्ल्याव ढलान
- धाप कोलेनी छेउमा ढल निर्माण ।

**९.खेलकुद तर्फ**

- कुखरेनी खेल मैदान निर्माण
- मेयर कप फुटबल प्रतियोगिता २०७४ मा समाबेश भई दोस्रो स्थान प्राप्त

**१०.मठ मन्दिर तथा संघ संस्थाहरुलाई आर्थिक सहयोग्**

- शिव पञ्चायन मन्दिरलाई सहायोग
- सिता थापा लाई आर्थिक सहयोग
- नवदुर्गा भवानि संरक्षण समिति
- पशुपति युवा क्लब
- बङगलामुखी  मन्दिर संरक्षण समिति
- न्यू गोल्डेन स्टार स्पोर्टस क्लव युनाइटेड नाइन फुटबल  क्लब
- सियान पुर्नस्थापना केन्द्र हेटौडा ९को भवन स्तरउन्नती
- एभरेष्ट मेटल फेबिरी केटिङ हेटौडा
- माल्दिप्स नागरिक सचेतना केन्द्र
- एभरेष्ट युवा रेडक्रस सर्कल
- शान्ति चोक टोल बिकास अन्तर्गत क्रिया पुत्रि धर्मशाला निर्माण



स्ल्याव ढलान दिव्यपथ

**११.सामाजीक सुरक्षा भत्ता तर्फ**

- **वितरण तथा नविकरण**

| | | |
|---|---|---|
| १.भत्ता पाएका नबिकरणको लागि पठाईको | २७८ | जना |

- **सिफारिश**

| | | |
|---|---|---|
| १.जेष्ठ नागरिक - | २६ | जना |
| २.दलित जेष्ठ नागरिक | ४ | जना |
| ३.एकल महिला- | २ | जना |
| ४.बिधुवा महिला- | २३ | जना |
| ५अपाङ्गता - | ३ | जना |
| ६.दलित पोषण भत्ता - | ३ | जना |
| **जम्मा –** | **६१** | **जना** |

**१२. यस वर्ष विभिन्न शिफारिस पत्रशरु**

- नक्शा सिफारिस

# वार्षिक प्रतिवेदन वडा नं ९

- नागष्रक्ता शिफारिस
- वस्तुगत विवरण
- उद्योग दर्ता शिफारिस आदी
- विविध सिफारिहरु

## III मुख्य प्रतिफलहरु/उपलब्धिहरु

| | | |
|---|---|---|
| सामाजीक सुरक्षा भत्ता वितरण | २७८ | जना |
| सामाजीक सुरक्षा भत्ताका लागि सिफारिश | ६१ | जना |
| नेतृत्व विकास तालीम प्राप्त | ७० | जना |
| क्रिश्टल (गहना) वनाउने तालीम | १० | जना |
| स्याल्व ढलान | २५ | स्थान |
| मठ मन्दिर संघ संस्थाहरुलाई आर्थिक सहयोग | १२ | वटा |
| खेल मैदान निर्माण | १ | स्थान |
| विभिन्न विषयमा कार्य सम्पन्न गर्नका लागि समिति गठन | ५ | वटा |
| वडा स्वास्थ्य शिविर संचालन | १२ | स्थान |
| उक्त शिविरवाट स्वास्थ्य परिक्षण गराउने संख्या | १०५८ | जना |
| निशुल्क औषधी प्राप्त संख्या | ३६३ | जना |
| दैनिक वडा स्वास्थ्य केन्द्र स्थापना तथा संचालन | १ | स्थान |
| कुखरेनी तटवन्धन | १ | स्थान |
| विद्यालय संरक्षण | ३ | वटा |
| विभिन्न संघ संस्था मठ मन्दिर वाटो घाटो मर्मत संभार | ११ | स्थान |
| सिमेन्ट पोलमा नमरिङ्ग | ७९१ | थान |
| विद्युत सिमेन्ट पोल व्यवस्थापन | ८१ | थान |
| विद्यालय भर्ना तथा आर्थिक सहयोग | १२ | जना |
| मेयर कप फुटवल खेल | दोश्रो | स्थान |

## IV सकारात्मक पक्ष, समस्या/चुनौती/सिकाई, घटना अध्ययन (केस स्टडिज) क्रियाकलाप सञ्चालनको समयमा

**सकारात्मक पक्ष :**

- जन प्रतिनिधि पाएकामा जनतामा उत्साह तथा खुशी व्यक्त ।
- छिटो भन्दा छिटो जनताको काम सम्पन्न भएको ।
- विकाशका काममा जनताको सहभागिता ।
- घर घरमा स्वास्थ्य सेवा पुऱ्याएकोमा जेष्ठ नागरिकहरु खुशी ।
- सडक संजालको सुरुवात गरियो ।



वडा बैठक

**समस्या/चुनौती र तिनको समाधानका लागि आफ्नो तवरबाट गरिएका प्रयासहरु**

१. कर्मचारीको अभाव ।
२. वजेट विनियोजनमा कठिनाई ।
३. निति तथा कार्यक्रमको अभाव
४. जनताको अपेक्षा पुरा गर्न कमी भएको ।



अध्यक्ष
लक्ष्मण भण्डारी

५. लक्षित समुहको लागि कार्यक्रम राख्न नसकिएको ।
६. केन्द्रिकीत वजेट विनियोजन ।
७. जन प्रतिनिधिले कर्मचारी सरह काम गर्न पर्ने ।
८. वडामा खाली जमीनको अभाव ।
९. कर वृद्धीमा गुनासो ।
१० अधिकरणमा रहेका जमील वडाको मातहतमा ल्याउन नसक्नु

**सिकाई :**

- कुनै पनि विकासको कार्य सम्पन्न गर्नका लागि जनसहभागिता हुनु पर्ने रहेछ ।
- टोल विकास संस्था संग समन्वय गरि विकासका काम अघि वढाउनु पर्ने रहेछ ।
- चेतनामुलक कार्यक्रमहरुको अति आवश्यक देखियो ।
- सहभागितात्मक वजेटको योजना तर्जुमा गर्नु पर्ने देखियो ।
- लक्षित समुहको लागि वजेट विनियोन गर्नु पर्ने रहेछ ।
- आय आर्जन तथा सिप मुलक कार्यक्रमहरुको विशेष योजना ल्याउनु पर्ने देखियो ।
- प्रामिकताको आधारमा योजना छनौट गरि कार्यान्वयन तर्फ लानु पर्ने रहेछ ।
- २४ वटा टोल विकास संस्थाको एकल सहकारी संस्था व्यवस्थान गर्नुपर्ने देखियो ।

## VI. निष्कर्ष :

**आशा गरिएको परिणाम हासिल भए भएनन्, साथै सम्पन्न गरिएको क्रियाकलापको महत्व तथा उपलब्धिबारे सारांशमा उल्लेख गर्नुहोस् ।)**

समग्रमा वडाको विकास राम्रो भएको जनताले महशुस गर्न पाएका छन् ता पनि एक वर्षमा जति विकास गर्नु पर्ने थियो हुन सकेन । जे जती विकासका कामहरु सम्पनन भएका छन सवै महत्वपुर्ण र उपलव्धिपुर्ण रहेका छन । लक्षित समुह प्रति वेवास्ता गरिएको जस्तो महशुस भएको छ । यस वर्ष विभिन्न कारणहरुले गर्दा पुर्ण हुन नसकिएका अधुरा योजनाहरु निरन्तर गर्दै आगामी आर्थिक वर्षहरुमा समावेश गर्दै लगीनेछ । अन्यमा यो वर्ष वृद्ध वृद्धाहरुका लागि विश्राम स्थलको व्यवस्था गर्न सकिएन ता पनि यस प्रदेशका मुख्य मन्त्री माननिय श्री डोरमणि पौडेल,अर्थ मन्त्री माननिय श्री कैलास ढुङ्गेल र समाज विकास मन्त्री माननिय श्री अरुण नेपाल ज्यु संग वृहत छलफल भने गरि सकिएको छ ।

अन्त्यमा यस वडाको विकास योजना तर्जुमा देखि कार्यान्वयन गर्दै विकास सम्पन्न गर्न विभिन्न तह तप्काकामा रहेर सहयोग पुऱ्याउनु हुने सम्पुर्ण सहयोगी हातहरु र मलाई साथ दिने कर्मचारी मित्रहरुमा विशेष धन्यवाद ज्ञापन गर्दै हेटौंडा उपमहा नगरपालिका,जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख रघुनाथ खुलाल र ३ नं प्रदेशका माननिय मुख्य मन्त्री श्री डोरमणि पौडेल ज्यु प्रति आभार तथा कृतज्ञता प्रकट गर्दै आगामी दिनहरुमा आवश्यक सल्लाह,परामर्श र सहयोगी हातहरुको अपेक्षा सहित......

## VII भविष्यका लागि सिफारिस, सल्लाह तथा सुझावहरु

- जनताको काम जनता संगै लैजानु पर्छ ।
- यस अवधिमा जनता तथा वडामा नयाँ के भनि योजना वनाउनु पर्छ ।
- वजेट निकासा गर्ने निकायले छिटो छरितो तरिकाले निकासा गर्न अनुरोध गरिन्छ ।
- चेतना अभिवृद्धि गर्नु नै पहिलो विकास रहेछ न की पुर्वाधार मात्र विकास होईन रहेछ ।
- जनताको विकासमा स्थानिय तहको महत्वपुर्ण भुमिका हुने भएकाले वडा कार्यालयहरुलाई अझ व्यवस्थित गर्नु पर्ने ।
- 

# वार्षिक प्रतिवेदन वडा नं ९




९ नं वडा शहरि स्वास्थ्यकेन्द्र द्वारा आयोजित मिति २०७५।२।४ गते देखी २०७५।२।१५ सम्मको टोल स्तरिय स्वास्थ्य शिबिर परिक्षण पश्चात प्राप्त रोगको तथ्याङ्क निम्नानुसार रहेको छ साथै -गत २०७४।७।२६ गते हेटौडा ९ नं वडा कार्यालय को आयोजनामा नेपाल परिवार नियोजन संघ,औषधी व्यवसायी संघ जनस्वास्थ्य शाखा मकावनपुर बिभिन्न माहानुभावहरु तथा डा. रामकाजि महर्जन,डा. सुष्मा हुज्दार र डा. सलभ सापकोटा र टोल विकास लगायतले गरेको सहायोगमा ३६३ जनालाई औषधी समेतको नि शुल्क सेवा प्रदान गरिएको छ । सवै सहयोगी हातहरुलाई धन्यवाद

| क्र.स | टोल बिकास संस्था | रक्तचाप (HTN) | मधुमेह (D.M) | दम (COPD) | ग्यास्ट्रिक (APD) | शरिर दुखेको (MSP) | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | संबेदनशिल र प्रगति टोल | ३० | ११ | १० | १५ | ११ | ८ | ८५ |
| २ | कुष्माण्ड र त्रिवेणी टोल | ३२ | ८ | ८ | ८ | १३ | १८ | ८७ |
| ३ | शान्ति र मिलन टोल | ३५ | १३ | १८ | १३ | १५ | ३ | ९७ |
| ४ | सन्तोषी र सिर्जना टोल | २६ | १२ | २ | ७ | १४ | २४ | ८५ |
| ५ | धर्मपथ र गणेश हनुमान | २७ | १३ | ५ | ८ | २१ | ११ | ८५ |
| ६ | आदर्श र सेतिदेबी टोल | ३० | १७ | ४ | १२ | १५ | १३ | ९१ |
| ७ | जनकल्याण र पशुपति टोल | १४ | ६ | २ | ४ | ६ | १७ | ४९ |
| ८ | स्वागत र मदन टोल | १८ | ४ | ५ | ७ | २८ | ३१ | ९३ |
| ९ | प्रगतिशिल र माल्दिप्स टोल | १९ | ४ | ६ | ११ | १८ | ४३ | १०१ |
| १० | खाद्यसंस्थान र श्रींलका टोल | २२ | ९ | ४ | ९ | १३ | ३५ | ९२ |
| ११ | लामसुरे हाइट,ओम र दिब्य ट | २१ | २ | १७ | ५ | २३ | ३२ | १०० |
| १२ | धाप र मानव सेवा आश्रम | ८ | ३ | ५ | ८ | २० | ४९ | ९३ |
| | जम्मा | २८२ | १०२ | ८६ | १०७ | १९७ | २८४ | १०५८ |

नोट-२०७५।२।०४ गते देखि २०७५।२।१५ गते सम्म को घर दैलो स्वास्थ्य सेवामा ६० बर्ष भन्दा माथिका बिरामी ७७४ जना र अन्य २८४ जना गरि जम्मा १०५८ जना लाई डा. सहित नि शुल्क स्वास्थ्य सेवा प्रदान गरिएको ।

**यस ९ न.वडा कार्यालयमा २०७४ साल आषाढ महिना देखि पौष महिना सम्म भएको जम्मा व्यक्तिगत घटनाहरु र अन्य सिफारिसहरु निम्न बमोजिम रहेको छ ।**

## व्यक्तिगत घटाना दर्ता

| क्र.स. | विवरण | पुरुष | महिला | ३५ दिन भित्र | १वर्ष भित्र | १ वर्ष भन्दा माथि | जम्मा | कै. |
|---|---|---|---|---|---|---|---|---|
| १. | जन्म दर्ता | ३८ | ३८ | १२ | २१ | ४३ | ७६ | |
| २. | मृत्यु दर्ता | २५ | १४ | २० | १० | ९ | ३९ | |
| ३. | बिवाह दर्ता | - | | ९ | २४ | - | ३३ | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४. | सम्बन्ध बिच्छेद | - | १ | १ | - | २ | |
| ५. | बसाई सराई | आएको-२९ | ५ | ९ | १५ | २९ | |
| | | गएको-१२ | १२ | - | - | १२ | |
| | जम्मा | | | | | १९१ | |

## अन्य सिफारिसहरु

# धन्यवाद

| क.स. | सिफारिस शिर्षक | जम्मा थान |
|---|---|---|
| १. | नेपाली नागरिताको सिफारिस | १७६ |
| २. | नेपाली नागरिताको प्रतिलिपि सिफारिस | १३९ |
| ३. | मृत्यु नाता प्रमाणित | ४१ |
| ४. | जग्गा नामसारी सिफारिस | ३० |
| ५. | बस्तुगत बिवरण सिफारिस | २८२ |
| ६. | खानेपानि सिफारिस | ५६ |
| ७. | बिद्युत सिफारिस | २१ |
| ८. | चौहद्धी सिफारिस | ३७४ |
| ९. | अन्य सिफारिस | १३५५ |
| | जम्मा | २४७४ थान |

# वार्षिक प्रतिवेदन वडा नं ९

**९ नं वडा रहेको स्कुल, सहकारी संघ, क्लब, धार्मिक क्षेत्र तथा एफ एम**

१.सरकारी बिद्यालय- प्रगति उच्च मा.बि, दिब्य ज्योती आधारभुत बिद्यालय, त्रिबेणी आधारभुत बिद्यालय

२ निजि बिद्यालय- कृष्ण आदर्श, मोर्डन, रस्सल एकेडमि

३नारायणी बहुउद्देश्य सहकारी संस्था

४ साइँ राम बचत सहकारी संस्था

५ रेडक्रस

६.युवा बेरोजगार संघ

७ पशुपति युवा क्लब

८. न्यु गोल्डन स्टार क्लब

९.माल्पिदस नागरिक सचेतना केन्द्र

१०. सिआन पुनस्थापना केन्द्र

११. धार्मिक क्षेत्र-त्रिबेणी धाम, सरस्वति मन्दिर,कालि मन्दिर बाबा बैद्यनाथ मन्दिर, सन्तोषी, महादेब मन्दिर, धर्मचक्र महाकरणी गुम्बा, नेपाल तिथ प्रकाश संघ,दुर्गा मन्दिर छेयलिङ्ग गुम्बा, बंगलामुखि, कालिमाई मन्दिर शिव पंचायन मन्दिर,वडा नजिक दुर्गा मन्दिर,सिमेन्ट उद्योग को हाता भित्र रहेको शिव मन्दिर कालिका माई

१२ रेडियो थाहा एफ.एम

१३ बाल क्लब

१४.लायन्स क्लब

१५.जे.सि.स

१६. मानव सेवा आश्रम

१७. बेत खोल्सी सा.ब.उ.स.

१८.कुखरेनी सा.ब.उ.स

१९. नेपाल टेलिभिजन

२० खाद्य संस्थानको गोदाम

२१. आमा समुह-सहयोगी, लालि गुरास, पुष्पाञ्जली त्रिबेणी आमा समुह

२२ पशुपति नगर दुग्ध उत्पादन सहकारी संस्था

२३.नव दुर्गा आयल

२४.जिल्ला पशु कार्यालय

२५प्लाष्टिक पाइप कारखाना

२६ देशको ठुलो सिमेन्ट उद्योग

२७.कार्टुन कारखाना

२८ खानेपानिको अभोर हेड खानेपानी टंकी

२९ चुरियामाइ बेकरी

# वार्षिक प्रतिवेदन वडा नं ९

# फोटोहरु






# वार्षिक प्रतिवेदन वडा नं ९




त्रिवेणी टोल विकासका जनतालाई संवोधन गर्दै
वडा अध्यक्ष
लक्ष्मण प्रसाद भण्डारी






# वार्षिक प्रतिवेदन वडा नं ९



वातावरण दिवसमा नाली सरसफाई
कार्यक्रम २०७५



नाला तयार भयो है साथी हो

# वार्षिक प्रतिवेदन वडा नं ९



खेल मैदानको लागि व्यवस्थापन



# वार्षिक प्रतिवेदन वडा नं ९

स्वास्थ्य परिक्षण गराउदै जिसस प्रमुख
श्री रघुनाथ खुलाल





# वार्षिक प्रतिवेदन वडा नं ९



मदनपथमा स्ल्याव ढलान गर्ने क्रममा वडा अध्यक्ष ज्यु निर्देशन दिदै

सेवाग्राहीलाई औषधी दिदै अहेव दिपा लामछिाने







# वार्षिक प्रतिवेदन वडा नं ९



शहरी स्वास्थ्य क्लिनिक उद्घाटन गर्दै
मेयर
हरी वहादुर महत

# वार्षिक प्रतिवेदन वडा नं ९

शहरी स्वास्थ्य क्लिनिक उद्घाटन गर्दै मेयर
हरी वहादुर महत






वडा स्वास्थ्य क्लिनिक तथा स्वास्थ्य शिविरका सहयोगी हातहरु

# वार्षिक प्रतिवेदन वडा नं ९



# वार्षिक प्रतिवेदन वडा नं ९




वडामा कार्यरत कर्मचारीहरु